☎:०७१-५६०२३०

# तिलोत्तमा नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

मणिग्राम, रुपन्देही, ५ नं. प्रदेश, नेपाल

प.सं. ०७५/०७६/प्रशासन

च.नं. ४६०८

मिति : २०७६/०२/१७

**विषय : हरियाली प्रवर्धन तथा नगर सरसफाई अभियान सम्बन्धमा ।**

श्री अध्यक्षज्यू,

वडा नं-१४, ति.न.पा.।

प्रस्तुत विषयमा कार्यपालिकाको निर्णयानुसार प्रत्येक महिनाको १ र १५ गते संचालन गरिदै आएको हरियाली प्रवर्धन र नगर सरसफाई अभियानको आगामी श्रृखलाहरु चक्रिय प्रणाली अनुसार आयोजना गर्ने निर्णय भए अनुसार आगामी ४२ औं संस्करण मिति २०७६/०३/१ गते तहाँ कार्यालयले देहायका बुँदाहरुलाई समेत आधार मानी आयोजना गर्नुहुन अनुरोध गर्दछु ।

१. अभियानमा नगर प्रमुख/उपप्रमुख/छिमेकी वडाका वडा अध्यक्ष एवं प्रतिनिधिहरु, कर्मचारीहरु, स्थानीय संघ संस्था, सहकारी, शैक्षिक संस्था, स्वयमसेवक, आमा समूह, क्लव, संचारकर्मी लगायतका सबै प्रकृतीका संस्थालाई सहभागी बनाउने ।

२. पूर्व तयारी बैंठक आयोजना गरी सूचना आदान प्रदान, कार्यक्रम संचालन हुने स्थान र समय तय गर्ने ।

३. सरसफाईका स्थानीय र घरेलु सामग्रीको प्रयोगलाई प्रोत्साहन गर्ने ।

४. फोहरमैला उठाउनु पर्ने आवश्यकता महशुस भएमा फोहर ढुवानी गर्ने सवारी चालकलाई समयमा नै सम्पर्क गर्ने ।

५. सरसफाई सम्बन्धी जनचेतना/जागरण सृजना गर्ने, उत्प्रेरणा जगाउने खालका गीत/संगीतको व्यवस्था गर्न सकिने ।

६. हरियाली प्रवर्धन र नगर सरसफाई अभियान स्वयं सेवी भावनाले प्रेरित भएर संचालन गरिने कार्यक्रम हो भन्ने भावना स्थानीय सहभागीहरुलाई बोध गराउने ।

७. वडा कार्यालयले तोकेको स्थानमा सहभागी हुन नसक्ने नगरवासीहरुलाई आ-आफ्नो टोल तथा पायक पर्ने स्थानमा भेला भएर सरसफाई कार्यक्रम संचालन गर्न आव्हान गर्ने ।

८. वडाका सबै घरधुरीहरुलाई अनिवार्य रुपमा सरसफाई कार्यक्रममा सहभागी हुन उत्प्रेरित गर्ने ।

९. स्थानीय खानेपानी संस्थाका पदाधिकारी एवं संयन्त्रहरुलाई परिचालित हुने प्रवन्ध मिलाउने ।

१०. वडा भित्रका सबै विद्यालयहरुलाई सरसफाई अभियान संचालन गर्न लगाउने ।


११. अभियान संचालन हुने समय र स्थानको जानकारी यथासक्य नगरपालिकाको कार्यालयमा जानकारी गराउने ।

*नोट : उक्त कार्यक्रमको व्यानरको नमूना यस पत्र साथ संलग्न छ उक्त व्यानर जिन्सी शाखासँग समन्वय गरी प्राप्त गर्नु हुन।*

बोधार्थ :

- श्री नगर प्रमुखको सचिवालय/उप प्रमुखको सचिवालय-प्रमुख/उपप्रमुखको उपस्थितिको प्रवन्ध मिलाउने ।
- श्री वातावरण शाखा - आवश्यक सहयोग पुर्याउने ।
- सूचना प्रविधि शाखा- वेव पेजमा अद्यावधिक गर्ने ।

कृष्णप्रसाद सापकोटा
प्रमुख प्रशासकीय अधिकृत


"समुन्नत, सुरक्षित र वातावरणमैत्री सुन्दर सहर : सुशासनयुक्त पर्यटकीय र समृद्ध तिलोत्तमा नगर"
४२ औं संस्करण
"ग्रीन तिलोत्तमा : क्लिन तिलोत्तमा"
नगर सरसफाई तथा हरियाली
प्रवर्द्धन अभियान-२०७६
०१
असार २०७६
तिलोत्तमा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
मणिग्राम, रुपन्देही, ५ नं. प्रदेश, नेपाल ।
थान : तिलोत्तमा-१४, टिकुलीगढ ।
समय : बिहान ठीक ७:०० बजे
कार्यक्रम संयोजन : तिलोत्तमा नगरपालिका वडा नं. १४